नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- २०८२/०८३

चलानी नं.:-

## अनलाईन प्रणालीमार्फत सरुवाको निवेदन पेश गर्ने सम्बन्धी सूचना

यस मन्त्रालयबाट सम्पादन हुँदै आएको सरुवा प्रकृयालाई आधुनिक, प्रविधिमैत्री, पूर्वानुमानयोग्य तथा व्यवस्थित बनाउने उद्देश्यले मन्त्रालयले अनलाइन सरुवा सफ्टवेयर प्रणाली विकास गरेको छ । साथै, उक्त प्रणाली मार्फत मात्र सरुवा सम्बन्धी कार्य सञ्चालन गरिने बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

तसर्थ, सरुवाका लागि इच्छुक कर्मचारीहरूले अनिवार्य रूपमा उक्त प्रणालीमा आफ्नो व्यक्तिगत खाता (Account) सिर्जना गरी अनलाइन प्रणालीमार्फत सरुवाको निवेदन पेश गर्नुहुन जानकारी गराईन्छ । अनलाइन प्रणालीबाहेक अन्य कुनै माध्यमबाट प्राप्त हुने सरुवासम्बन्धी निवेदनहरू उपर कुनै कारवाही नहुने बेहोरा समेत जानकारी गराईन्छ । अनलाइन सरुवा प्रणालीको प्रयोगसम्बन्धी Manual तथा आवश्यक जानकारी प्रणालीमा उपलब्ध रहेको छ।

यस प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै कर्मचारी तथा सम्बद्ध निकायको सहयोग अपेक्षा गरिन्छ ।

सरुवा प्रणालीको लिङ्क देहाय अनुसार रहेको छ ।
http://saruwa.mofaga.gov.np/